हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरु अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १४१ पृष्ठ : ४ २०७७ पुस ०६ गते सोमबार (Monday 21 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## संसद विघटनको विरोधमा सिरहाका विभिन्न स्थानमा प्रदर्शन



लहान । संघीय संसदको प्रतिनिधिसभा विघटन गरेको विरोधमा आइतबार सिरहाका विभिन्न स्थानमा विरोध प्रदर्शन भएका छन् ।

नेकपा सम्बद्ध विभिन्न जनवर्गीय संगठनका कार्यकर्ता प्रदर्शनमा उत्रिएका हुन । प्रधानमन्त्री केपी शर्मा ओलीको संसद विघटन सिफारिस असंवैधानिक भएको भन्दै नेता तथा कार्यकर्ताहरूले सिरहाको लहान, धनगढी, गोलबजार, मिर्चैया, सदरमुकाम सिरहा बजार लगायत विभिन्न स्थानमा विरोध प्रदर्शन गरेका हुन । लोकतान्त्रिक व्यवस्था नै धरापमा पार्ने प्रधानमन्त्रीको संसद विघटनको प्रस्ताव फिर्ता लिनुपर्ने उनीहरूले माग गरेका छन् । उनीहरूले कालो ब्यानर बोकेर विरोध प्रदर्शन गरेका थिए ।

## संसद् विघटन : कोइराला र देउवाकै पदचिह्नमा ओली ?

■ जगत नेपाल

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को आन्तरिक विवादले प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् भंग गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेका छन् । प्रधानमन्त्री केपी ओलीले गुटको स्वार्थमा राष्ट्रपति विद्या भण्डारीको पदलाई दुरूपयोग गर्ने अन्तिम शृत्ला संसद् भंगको सिफारिस गरेका हुन सक्छन् ।

पार्टीभित्र अल्पमतमा परेका प्रधानमन्त्री ओलीले 'कुनै हालतमा कुर्सी नछोड्ने बरू भाँचिदिने' धम्की दिएपछि नेकपाकै नेतासमेत सशंकित थिए ।

नेपालमा पार्टीभित्रको आन्तरिक किचलोबाट यसअघि दुईपटक संसद् भंग भैसकेको छ भने अहिले एकपटक सिफारिस गरिएको छ । नेपाली कांग्रेसभित्रको विवादले २०५१ मा गिरिजाप्रसाद कोइराला र २०५९ मा शेरबहादुर देउवाले संसद् भंग गरेको इतिहास छ । विगतका घटनाक्रम हेर्दा त्यस बेलाको कांग्रेस र अहिले नेकपाको किचलोमा खासै अन्तर देखिँदैन । यो आलेख २०५१ मा प्रधानमन्त्री कोइरालाले सदन विघटन गर्दा कांग्रेस कस्तो अवस्थामा थियो भन्ने विषयमा केन्द्रित छ । तीस वर्ष लामो पञ्चायती व्यवस्थाको अन्त्य भएपछि पहिलोपटक सम्पन्न संसदीय निर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्याए पनि पार्टी सभापति तथा अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई पराजित भए ।




फलस्वरूप, महामन्त्री गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्न पुगे । सर्वोच्च नेता गणेशमान सिंह कोइरालालाई प्रधानमन्त्री बनाउन इच्छुक थिएनन् तर भट्टराईको पराजयले कोइराला निर्विवाद संसदीय दलका नेता बने । सरकार बनेसँगै शीर्ष नेताहरू गणेशमान सिंह र प्रधानमन्त्री कोइरालाबीच द्वन्द्व बढ्दै गयो । सरकार बनेको छोटो अवधिमै प्रधानमन्त्री कोइरालाले सभापति भट्टराई पक्षका छ मन्त्रीलाई हटाए ।

यही विषयलाई लिएर पार्टीभित्रको किचलो चरममा पुगेका बेला २०५० साल जेठ ३ गते तत्कालीन नेकपा (एमाले)का महासचिव मदनकुमार भण्डारीको जीप दुर्घटनमा (चितवनको दासढुंगा) मृत्यु भयो । भण्डारीको मृत्युपछि रिक्त काठमाडौं क्षेत्र नं १ मा उपचुनाव हुनेभयो । कांग्रेसका तर्फबाट सभापति भट्टराई उमेदवार बने । यो त्यही निर्वाचन क्षेत्र हो जहाँ अन्तरिम प्रधानमन्त्रीका रूपमा निर्वाचन लडेका भट्टराई पराजित भएका थिए । उपचुनावमा पनि उनी मदन भण्डारीकी पत्नी विद्या भण्डारीसँग पराजित भए ।

बाँकी ३ पेजमा

## भावपूर्ण श्रद्धाञ्जली



स्व. लक्ष्मी राई

स्वर्गवासी मामा पूर्व उपसभापति श्री शुभलाल राईज्यूको निधनले नितान्त अल्प ३४ दिनहरुमा नै शोक विहवल भई हाम्रा प्रातः दयालु, सहयोगी माईजु श्री लक्ष्मी राई ज्यूको ६६ बर्षकै आयुमा देहाबसन भएको खबरले हामी सम्पूर्ण परिवारका सदस्यहरु अत्यन्तै मर्माहित र स्तब्ध भएका छौं । स्वर्गबासी मामालाई जनता जनार्दनमा लोकप्रिय बनाउने श्रेयको उदगम विन्दु उहाँ नै हुनुहुन्थ्यो ।

यस दुखःद घडिमा शोक सन्तप्त परिवारका सदस्यहरु प्रति धैर्य धारणको अपूर्व शक्ति मिलोस् भनि श्री पशुपतिनाथसँग प्रार्थना गर्दछौं । फेरि पनि यस लोकमा यही साईनोमा जन्म लिउन भनीइ श्वरसँग इच्छा जाहेर गर्दछौं ।

**भान्जा**
डा. शामरथ राई
सम्पूर्ण भान्जा, भान्जी, नाति, नातिनीहरु ।
गोलबजार







फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# संसद् विघटनविरुद्ध कांग्रेसको चारबुँदे निर्णय : अधिनायक सरकारले जनमतको अपमान गर्‍यो

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले नेपाल कम्युनिस्ट पार्टीको सरकारको संसद् विघटनको निर्णय सच्याउन पार्टीका सम्पूर्ण प्रयत्न केन्द्रित गर्ने निर्णय गरेको छ ।

सरकारको संसद् विघटन गर्ने निर्णय राष्ट्रपतिबाट स्वीकृत भएपछि सभापति शेरबहादुर देउवानिवासमा बसेको आकस्मिक पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकले निर्णय सच्याउन देउवाको नेतृत्वमा अन्य दलसँग समन्वयन गर्ने निर्णय गरेको छ ।

"वैशाखमा मध्यावधि निर्वाचन गर्ने गरी प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिस र सम्माननीय राष्ट्रपतिबाट उक्त सिफारिस स्वीकृत भएको घटनामा हाम्रो ध्यान गम्भीर रूपले आकृष्ट भएको छ," कांग्रेसको निर्णयमा भनिएको छ, "यो घटना नेपाल कम्युनिस्ट पार्टीको सरकारको घोर अधिनायकवादी, सर्वसत्तावादी, निरंकुश र स्वेच्छाचारी चरित्रबाट उत्पन्न लोकतान्त्रिक मूल्य, मान्यता र संवैधानिक व्यवस्था प्रतिकूल बदनियतपूर्ण निन्दनीय कार्य हो । सरकारले गरेको यो निर्णयले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान भत्काउने र मुलुकलाई अस्थिरता, अनिश्चितता, अराजकता र असफलतातर्फ लैजाने गम्भीर षडयन्त्रमूलक काम गरेको छ ।"

नेकपाले स्थिरता र शान्तिको नारा दिएर पाएको झन्डै दुईतिहाइ जनमतको अपमान गरेको कांग्रेसले बताएको छ । "विगतको निर्वाचनमा स्थिरता, शान्ति र समृद्धिको नारा दिएर झन्डै दुईतिहाइ जनमत प्राप्त गरेको वर्तमान सरकारले जनताबाट प्राप्त जनादेशको अपमान गरेको छ । कोभिड–१९ को माहामारीले जनता सर्वाधिक पीडामा रहेको अवस्थामा नेपाल कम्युनिस्ट पार्टीको सरकार जनताका जनजीविका र सुविधाका विषयबाट विमुख र निरपेक्ष हुँदै, आफ्नो पद र शाक्तिका लागि सत्ता संघर्षमा केन्द्रित रह्यो," निर्णयको दोस्रो बुँदामा भनिएको छ, "पछिल्ला घटनाक्रमले कम्युनिस्ट पार्टी र सरकार देश र जनताका हितमा सत्ता सञ्चालन गर्न अक्षम र जनताप्रति गैरजिम्मेवार र अनुत्तरदायी रहेको प्रस्ट छ । प्रारम्भदेखि नै असफलतातर्फ उन्मुख सरकारको यो कदम संवैधानिक मूल्य र लोकतान्त्रिक मान्यताविपरीत कार्यहरूको शृंखलाको निरन्तरता हो ।"

कम्युनिस्ट सरकारको कदमले उत्पन भएको असहज परिस्थितिमा संघीय लोकतान्त्रिक गणतन्त्रत्मक संविधान र संसदीय शासन व्यवस्थाको संरक्षण गर्दै मुलुकलाई सही मार्गमा डोर्‍याउन आफ्ना सबै प्रयत्न केन्द्रित गर्ने कांग्रेसले बताएको छ ।

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

नेपाली कांग्रेस नेपाल केन्द्रीय कार्यालय

पुस ५, २०७७

**प्रेस विज्ञप्ति**

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं पूर्व पदाधिकारीहरुको बैठक सभापति श्री शेरबहादुर देउवाको निवासमा आज बस्यो । बैठकले निम्नानुसार निर्णय गरेको छ–

नेपाल सरकार मन्त्री परिषद्ले आज हठात् प्रतिनिधि सभा विघटन गरी वैशाखमा मध्यावधि निर्वाचन गर्ने गरी गरेको निर्णय, प्रधानमन्त्री के.पी. शर्मा ओलीको सिफारिस र सम्माननीय राष्ट्रपतिबाट उक्त सिफारिस स्वीकृत भएको घटनामा हाम्रो ध्यान गम्भीर रुपले आकृष्ट भएको छ ।

(१) यो घटना नेपाल कम्युनिष्ट पार्टीको सरकारको घोर अधिनायकवादी, सर्वसत्तावादी, निरंकुश र स्वेच्छाचारी चरित्रबाट उत्पन्न लोकतान्त्रिक मूल्य, मान्यता र संवैधानिक व्यवस्था प्रतिकुल बदनियतपूर्ण निन्दनिय कार्य हो । सरकारले गरेको यो निर्णयले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान भत्काउने र मुलुकलाई अस्थिरता, अनिश्चितता, अराजकता र असफलतातर्फ लैजाने गम्भीर षडयन्त्रमूलक काम गरेको छ ।

(२) विगतको निर्वाचनमा स्थिरता, शान्ति र संमृद्धिको नारा दिएर झन्डै दुई तिहाई जनमत प्राप्त गरेको वर्तमान सरकारले जनताबाट प्राप्त जनादेशको अपमान गरेको छ । कोभिड–१९ को माहामारीले जनता सर्वाधिक पिडामा रहेको अवस्थामा नेपाल कम्युनिष्ट पार्टीको सरकार जनताका जन-जिवीका र सुविधाका विषयबाट विमुख र निरपेक्ष हुदै, आफ्नो पद र शाक्तिका लागि सत्ता संघर्षमा केन्द्रीत रह्यो । पछिल्ला घटना क्रमले कम्युनिष्ट पार्टी र सरकार देश र जनताका हितमा सत्ता संचालन गर्न अक्षम र जनताप्रति गैर जिम्मेवार र अनुत्तरदायी रहेको प्रष्ट छ । प्रारम्भदेखि नै असफलतातर्फ उन्मुख सरकारको यो कदम संवैधानिक मूल्य र लोकतान्त्रिक मान्यता विपरित कार्यहरुको श्रखृलाको निरन्तरता हो ।

(३) नेपाली कांग्रेसको यो बैठक नेपाल कम्युनिष्ट पार्टी र सरकारका कारण उत्पन्न यो असहज परिस्थितिमा नेपाली जनता सामु नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्था र संविधानको संरक्षण गर्दै मुलुकलाई सही मार्गमा डोर्‍याउन आफ्ना सबै प्रयत्न केन्द्रीत गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

(४) नेपाली कांग्रेस पार्टी सभापति शेरबहादुर देउवाको नेतृत्वमा संसदमा क्रियाशील अन्य राजनीतिक दलहरुसंग समन्वय र सल्लाह गरी लोकतान्त्रिक पद्धतिको संरक्षणका लागि कार्य गर्नेछ ।

**जय नेपाल !**

कृष्णप्रसाद पौडेल
**मुख्य सचिव**

टेलिफोन : (००९७७–१) ५१८१२६३ /५१८१२६४/५१८१२६५, फ्याक्स : ५१८१२६६
E-mail: info@nepalicongress.org / Internet Access: http://www.nepalicongress.org

# नेकपाको दुर्दशा : कलह, विग्रह हुँदै विभाजनको बाटो

नेकपाको राजनीतिक परिदृश्यमा शनिबार शुभ संकेत देखिएको थियो । सधैं बालुवाटार धाउँदाधाउँदा पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड हत्तु हैरान भएका थिए । पार्टीभित्रको अन्तरविरोधबारे ठोस समाधान ननिस्कने, सरकार सञ्चालनबारे पनि मूर्त कुराकानी नहुने, सधैं प्रधानमन्त्री केपी शर्मा ओलीको लम्बेतान भाषण सुन्दासुन्दा प्रचण्ड आजित थिए ।

कुनै समय प्रचण्डलाई दिन बिराएर बालुवाटार धाउन बाध्य बनाएका ओली शनिबार बिहान साढे १० बजेतिर आफैं खुमलटार हानिएका थिए । पार्टी अध्यक्ष प्रचण्डसँग संवादका लागि ओली खुमलटारतिर मोडिएपछि नेकपाका कार्यकर्ता उत्साही बनेका थिए । ओली लचिलो भएको र समझदारीका निम्ति तयार भएको अड्कल पनि काटिएको थियो । त्यतिमात्र होइन ओलीले प्रचण्डसँगको संवादको साक्षी उपाध्यक्ष वामदेव गौतमलाई पनि राखेका थिए । प्रचण्डलाई भेटेलगत्तै सचिवालय सदस्य तथा गृहमन्त्री रामबहादुर थापासमेतलाई भेट गरे र साँझ शीतलनिवास राष्ट्रपति भेट्न पुगे ।

प्रधानमन्त्रीको आकस्मिक र अनपेक्षित सक्रियताको भेद खुल्न २४ घण्टा पनि पर्खन परेन । नेकपाका पहिलो वरीयताका अध्यक्षसमेत रहेका ओलीले आइतबार सबैलाई आश्चर्यचकित तुल्याउँदै आफैंलाई निर्वाचित गरेको थलो संसद् विघटन गर्ने निष्कर्षमा पुगे । मन्त्रिपरिषद्को आकस्मिक बैठक राखेर राष्ट्रपतिसमक्ष सिफारिस गरे । राष्ट्रपति विद्यादेवी भण्डारीले पनि दिउँसो सरकारको निर्णय सदर गर्दै प्रतिनिधिसभा विघटनको घोषणा गरेकी छन् । मौजुदा संविधानमा संसद् विघटनको छुट्टै प्रावधान राखिएको छैन । संविधान निर्माण अवधिभर ९–९ महिनामा सरकार परिवर्तन हुने र कुनै सरकारले पनि राम्रोसँग काम गर्न नपाएकाले वर्तमान संविधानमा संसद् विघटन गरेर मध्यावधि निर्वाचन घोषणा गर्ने प्रावधान नराखिएको संविधानविद्ले बताउँदै आएका थिए । तर, संविधानको धारा ८५ मा झिनो प्रावधान थियो । संविधानको धारा ८५ मा 'यस संविधानबमोजिम अगावै विघटन भएकामा बाहेक प्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको हुनेछ' उल्लेख थियो । राष्ट्रपतिले यही धारामा टेकेर संसद् विघटन गरिदिइन् ।

मौजुदा संविधानअनुसार २०७९ फागुन २० गतेसम्म यसको कार्यकाल थियो । तर, नेकपाभित्रको आन्तरिक सङ्घर्ष, किचलो र विग्रहको मार संसद्ले खेप्नुपरेको छ । गत असार १८ गते पनि नेकपाभित्रकै रडाको कारण बिजनेस बाँकी रहँदै प्रधानमन्त्रीले संसद्को चालु (वर्षे) अधिवेशन अन्त्य गरिदिएका थिए ।

नेकपाभित्रको आन्तरिक सङ्घर्ष उत्कर्षमा पुग्दा पार्टी अहिले नै विभाजन भइसक्यो भनेर निष्कर्ष निकाल्दा हतार हुनसक्छ । तथापि, पाँच घण्टा ढिला गरी सुरू भएको नेकपा स्थायी कमिटीको छैटौं बैठकले प्रधामन्त्री तथा पार्टी अध्यक्ष ओलीलाई अनुशासनको कारबाही गरी अनुमोदनका लागि केन्द्रीय कमिटीसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ । केपी ओलीले जनभावनाविपरीत संसद् विघटन गर्ने जुन कदम चालेका छन् । त्यो स्वेच्छाचारी, असंवैधानिक, अलोकतान्त्रिक निरकुंश कदम हो भनेर निन्दा र भर्त्सना गरियो । त्यसकाविरूद्ध सम्पूर्ण लोकतान्त्रिक शक्तिहरु, संविधान पक्षधर शक्तिहरु एकताबद्ध भएर प्रतिकार गर्नका निम्ति अगाडि बढ्नुहोस् भनेर आह्वान गर्ने निर्णय गरियो, स्थायी कमिटी बैठकको निर्णय सुनाउँदै वरिष्ठ नेता खनालले बाह्रखरीसँग भने, 'राष्ट्रपतिले समेत यस्तो अलोकतान्त्रिक, असंवैधानिक कदमलाई जुन ढङ्गल साथ दिने काम गर्नुभएको छ, यसप्रति हामीले खेद व्यक्त गरेका छौं । पार्टी अध्यक्षका रूपमा रहेका केपी ओलीले अनुशासनहीन काम गरेको, पार्टी विरोधी काम गरेको, पार्टीको मर्म र भावनाविपरीत काम गरेको हुनाले अनुशासनको कारबाही गर्नुपर्छ भनेर प्रस्ताव पारित गरेको छ । त्यो केन्द्रीय कमिटीमा पठाउने निर्णय गरेको छ । पुस ७ गते केन्द्रीय कमिटीको आकस्मिक बैठक राख्ने निर्णय गरेको छ । कृष्णबहादुर महरालाई स्थायी कमिटीमा थप्ने निर्णय गरेको छ । भोलि १ बजे आईसीसीमा विघटित प्रतिनिधिसभाका सांसदहरूको भेला गर्ने निर्णय गरेको छ । भोलि नै ३ बजे स्थायी कमिटीको अर्को बैठक बस्नेछ ।

स्थायी कमिटीको यही निर्णयलाई आधार मानेर नेकपा विभाजन भइहाल्यो भन्न नमिल्ने नेकपाका नेताहरु बताउँछन् ।

तथापि, पार्टी स्थायी कमिटी र नेकपाको अन्तरिम विधानकै मर्मलाई पछ्याउने हो भने पनि एउटा अध्यक्षले अर्को अध्यक्षलाई कारबाही गर्नुपार्टी विभाजन वा सो सरह हो ।

**आइतबार दिनभर जे भयो**

नेकपाका नेता कार्यकर्तालाई आइतबारको दिन निकै पीडादायी रह्यो । पार्टी एकताको चार महिना (२०७५ असोज ५ गतेबाट) सुरू भएको अन्तरकलह यतिविघ्न झाँगिएला र यतिछिट्टै फुटको बाटो तताउला भनेर उनीहरूले कल्पना गरेका थिएनन् । गत फागुनबाट उकालो चढ्न थालेको विवाद पुस ५ गतेसम्म आइपुग्दा शिखरित होला र मूलधारको कम्युनिस्ट आन्दोलन फुटको बाटोमा अघि बढ्ला भनेर उनीहरूले चिताएका थिएनन् ।

तर, आइतबार नसोचेको परिणाम हात लाग्यो ।

नेकपाका केन्द्रीय सदस्य सुरेन्द्र मानन्धर यसलाई प्रतिगमनको दिनका रूपमा मान्छन् । आइतबार साँझ देशका विभिन्न भागमा मसाल जुलुस निकालेर, ओलीको पुतला दहन गरेर विरोध जनाएको बताउँछन् । यो क्रममले सोमबारका दिनमा झनै तीव्रता पाउनेछ ।

उनका अनुसार देशभर ओलीको प्रतिगामी कदमकाविरूद्ध विद्रोहको आगो उठ्नेछ । चारैतिरबाट घेराबन्दीमा परेको महसुस गरेका प्रधानमन्त्री ओलीले आइतबार बिहानैबाट आफूनिकट नेताहरूसँग परामर्श सुरू गरेका थिए । छलफलमा सुवास नेम्वाङ, गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरूङलगायत नेताहरु थिए ।

आफूनिकट नेताहरूसँग ओलीले राष्ट्रपतिमाथि

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- लामो समयदेखि रोकिएको कामको गाँठो फुक्ने छ । अरूको मुख नताकी सही निर्णय लिन सके थप अवसर प्राप्त होला । स्वादिष्ट भोजन पनि पाइएला ।

**वृष** :- आज आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनसक्छ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाईनेछ ।

**मिथुन**:- आँटेको र ताकेको कार्य पुरा होला । प्रेमसम्बन्ध र प्रणयप्रसङ्का लागि पनि श्रेष्ठ समय रहेकोछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ ।

**कर्कट** :- अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला । अल्छीपना पनि बढ्नेछ ।

**सिंह**:- आज रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । भाग्यले साथ दिनेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउने छ । शिक्षामा पनि सफलता पाइएला ।

**कन्या** :- आज रमाइलो यात्राको योग रहेको छ । आफन्तबाट सहयोग प्राप्त हुनेछ । नयाँ कार्यको थालनी हुनेछ । पढाइ लेखाइमा प्रगति हुनेछ ।

**तुला** :- आफन्त र मित्रवर्गको सहयोग पाइने नै छ । बन्दव्यापार र साझेदारीबाट राम्रो प्रतिफल प्राप्त हुनेछ । सांगितीक क्षेत्रमा रूची बढ्नेछ ।

**वृश्चिक** :- आज मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ । पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन् । प्रेम जीवन पनि सफल रहनेछ ।

**धनु** :- आज शुभ कार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । प्रेममा मनमुटावका साथै मन कमजोर रहला । शिक्षामा अवरोध आउनसक्छ ।

**मकर**:- समस्या दर्साउँदा सुखदु:खमा साथ दिनेहरु भेटिनेछन् । छोटो दुरीको लाभदायी यात्रा हुनेछ । अरूलाई प्रभावित पारेर काम पनि बन्ला ।

**कुम्भ**:- बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । धर्म,कर्म तथा समाज सेवामा मन लाग्नेछ । रमाइलो र टाढाको यात्राको सम्भावना समेत छ ।

**मिन** :- स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु नै उचित हुनेछ । काम विगार्नेको सक्रिय रहने देखिन्छ । नियमित खर्चसमेत बढ्ने योग छ ।

# संसद विघटन...

पराजयको मुख्य कारण पार्टीको आन्तरिक कलह र अन्तर्घात मानियो ।

चुनावका वेला सभापति निकटहरूले कोइरालालाई सत्ताच्युत गर्न भट्टराईलाई जिताउनु पर्ने नारा लगाएका थिए भने कतिपय कोइराला पक्षधर भट्टराईलाई हराउन खुलेरै लागे ।

भट्टराईको पराजयले कांग्रेसको झगडाका घिउ थप्ने काम गऱ्यो । भट्टराई र कोइराला पक्ष एक अर्काको अस्तित्व स्वीकार नगर्ने तहमै पुगे । आफ्नै पार्टी कार्यालयमा जान प्रधानमन्त्री कोइरालाले प्रहरीको सहयोग लिनुपर्ने अवस्था बन्यो । यसबीच प्रधानमन्त्री कोइरालाले बोलाएको पार्टी संसदीय दलको एउटा बैठक भट्टराई पक्षका तीन दर्जन (३६ से) सांसदले बहिष्कार गरे । सरकारले संसद्मा नीति तथा कार्यक्रम पेस गर्नुअघि यो घटना भएको थियो । छत्तीस समुहले संयुक्त वक्तव्य जारी गरी प्रधानमन्त्रीलाई संसदीय दलमा बहुमत देखाउन चुनौती दिएको थियो । शीर्ष नेताहरू नै आरोपप्रत्यारोपमा उत्रिए । विवाद साम्य गर्न पहल गर्नुको साटो युवा नेताहरू पनि आफूलाई लाभ हुने गरी गुटबन्दी चर्काउने प्रतिस्पर्धामा लागे । यो विवाद कायमै थियो । संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भयो ।

केही मध्यमार्गी नेताको पहलमा राष्ट्रियसभा अध्यक्ष वेनीबहादुर कार्कीको जाउलाखेल स्थित निवासमा प्रधानमन्त्रीले हटाएका छ जनासहित केही सदस्य थप गरेर मन्त्रिपरिषद् विस्तार गर्ने र ३६ सेहरू पनि मतदानमा सहभागी हुने सहमति भयो । विश्वासका लागि त्यसअघि प्रधानमन्त्रीले सांसदहरूलाई बोलाउने भनिएको थियो ।

तर न प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तार गरे न त विश्वासका लागि सांसदहरूको भेला गराए । यसो गर्दा गर्दै मतदानको दिन आइहाल्यो ।

मतदानको दिन बिहान ११ बजे प्रधानमन्त्री वालुवाटारबाट सिंहदरबार जाने तयारीमा थिए । हिँड्नुअघि 'राष्ट्रियसभाका अध्यक्ष बेनीवहादुर कार्की र छत्तिसे सांसद तारानाथ रानाभाटलाई फोन गरे । विद्रोहीले आउछौँ भनेका थिए । तै पनि मनमा आशंका छँदै थियो । बालुवाटार छोड्ने बेलामा उनले भने – 'खै विश्वास त छैन, जाऊँ अब ।'

प्रधानमन्त्री संसद् परिसरमा पुग्दा ३६ सेहरू आइपुगेका थिएनन् । त्यो दिन सभामुख दमननाथ ढुंगाना बिरामी भएको भनेर सदनमा अनुपस्थित थिए । प्रधानमन्त्रीका विश्वास पात्र उपसभामुख महन्थ ठाकुरले बैठक सुरू गरिहाले ।

तत्कालीन स्थानीय विकासमन्त्री रामचन्द्र पौडेलले लेखकलाई सुनाए – 'नीति तथा कार्यक्रम पास गर्नुपर्ने । हाम्रा मानिस छैनन् । प्रस्ताव फेल हुने भयो । म चिन्तित भएँ, प्रधानमन्त्रीको अनुहार हेरेँ । सांसदले उठाएका प्रश्नको जवाफ दिनुपर्ने प्रधानमन्त्रीले एकदमै असहज महसुस गरेजस्तो लाग्यो मलाई । जुरूक्क उठेँ र भने – सम्माननीय सभामुख महोदय, आज प्रधानमन्त्रीलाई आराम नभएजस्तो छ । त्यसैले यो सदन केही समय रोकियोस् ।' पौडेलले सम्झिए – 'लगत्तै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का नेता मनमोहन अधिकारी उठ्नु भयो र भन्नुभयो – 'सभामुख महोदय, एक घन्टाका लागि सदन रोकियोस् ।'

विपक्षी दलकै नेताले यस्तो प्रस्ताव राखेपछि एमाले सांसदहरू आफ्नै नेताविरूद्व खनिए । छत्तीसे ल्याएर सरकार जोगाउन कांग्रेसले समय मागेको हो । तपाईँले किन सदन रोक्न भनेको ?' निष्ठा र इमानको राजनीति गर्ने नेता अधिकारी आफ्नै दलका सांसदहरूको विरोधका कारण अप्ठेरोमा परे । अनि बैठकको अध्यक्षता गरिरहेका उपसभामुख ठाकुरले एक घन्टाका लागि सदन स्थगित भएको घोषणा गरे ।

त्यसपछि ग्यालरी बैठक ( पुरानो संसद् भवन) स्थित आफ्नो चेम्बरमा छिरेका प्रधानमन्त्री कोइराला एक सुरले चुरोट तान्न थाले । 'चेनस्मोकर उनी तनावका बेला यस्तै गर्थे ।' चुरोट सल्कायो, अलिकति तान्यो, फाल्यो, फेरी सल्कायो गर्दै कहिले सांसद तारानाथ रानाभाट र त कहिले राष्ट्रियसभाका अध्यक्ष बेनीबहादुर कार्कीसँग फोनमा कुरा गर्न थाले । त्यस दिनको घटना बारे कोइरालाका स्वकीय सचिव हरि शर्माले लेखकलाई सुनाए – 'अनायसै गिरिजाबाबुको मुखबाट आयो 'ल यिनीहरूले धोका दिए, किशुनजीलाई फोन लगाऊ ।' त्यति बला विद्रोही सबै सांसद चिरञ्जीवी वाग्लेको अनामनगरस्थित डेरामा थिए ।

त्यही बेला गृहमन्त्री शेरवहादुर देउवा र स्थानीय विकासमन्त्री रामचन्द्र पौडेल ३६ सेहरूलाई संसद् भवनमा ल्याउन भनेर हस्याङ फस्याङ गर्दैसांसद वाग्लेको डेरामै पुगे । केही बेर मन्त्रीद्वय र सांसदहरूबीच सवालजवाफ चल्यो ।

बलबहादुर केसी : तपाईँहरु प्रधानमन्त्रीले पठाएर आएको हो कि आफैँ ?

देउवा र पौडेल : प्रधानमन्त्रीले पठाएरै आएका हौँ ।

केसी : त्यसो भए हाम्रा माग पुरा गर्न सक्नुहुन्छ त ?

देउवा र पौडेल : (निक्कै जोड गर्दै) संसद्मा जाऊँ त्यहीँ कुरा गरौँला ।

केसी : माग पूरा हुन्छ भने जान तयार छौँ ।

देउवा र पौडेल : पार्टीको यो अवस्था छ । तपाईँहरूका कुरा प्रधानमन्त्रीसम्म पुऱ्याउछौँ । हिँड्नुस् ।

सांसदहरू : त्यसो भए तपाईँहरु जानुस् । हामी जाँदैनौ ।

ठीक त्यति नै बेला सभापति कृष्णप्रसाद भट्टराईको फोन आयो । सांसद वाग्लेले सबैले सुन्न मिल्ने गरी फोन ह्यान्ड फ्रीमा राखे । फोनमा भट्टराई बोलेको सुनियो – 'गिरिजाबाबुलाई तिमीहरूले चिनेकै छौ । जे जे भए पनि गएर खुरूक्क सरकारको पक्षमा मतदान गर ।' यस प्रसंगमा पूर्वमन्त्री चिरञ्जीवी वाग्लेले लेखकलाई सुनाए – 'हामीले भन्यौ किसुनजी ! तपाईँको सामुन्ने बेनीबहादुजीको घरमा भएको सहमति कार्यान्वयन भएन । हामी कसरी मतदानमा जाने ?' भट्टराई भन्दै थिए 'तपाईँहरू खुरूक्क गएर मतदान गर्नुस् । हैन जानु भएन भने यस्तो भाँडभैलो पार्टीको कुनै आवश्यकता छैन । म वानेश्वरको पार्टी कार्यालयमै ताला लगाई दिन्छु ।'

त्यो बेला सांसद वाग्लेको बैठक कक्षमा रहेका कांग्रेस नेता रामचन्द्र पौडेलले लेखकलाई सविस्तार सुनाए ।

भट्टराई रिसाएर पटक पटक भन्दै थिए – 'ए तिमीहरू जाऊ । खुरूक्क गएर भोट हाल । नत्र म सभापति पनि छोडिदिन्छु । सबै छोडिदिन्छु । मरे मर ।' यति भनेर फोन काटियो ।

छत्तीसेहरूबीच जे भए पनि भोट हाल्न त जानुपर्छ भन्ने छलफल सुरू भएको मात्र के थियो संसद् भवनबाट देउवा र पौडेललाई खबर आयो । ल तपाईहरू छिटो आउनुस् । सदन सुरू हुनलाग्यो । घन्टी बजिसक्यो । मन्त्रीहरू नै बाहिर पर्नुहोला ।'

पौडलले लेखकलाई सुनाए – 'त्यहीँनेर नियोजित थियोजस्तो लाग्छ । नेपालको संसदीय इतिहासमा १५ मिनेटका लागि स्थगित गरिएको सदन घन्टौं सरू नभएका घटना छन् । कुरा नमिलेसम्म संसद्को घडी उल्टो घुम्छ नि त । तर, त्यस दिन एक घन्टाका लागि सदन स्थगित भएको थियो हामीले ६१ मिनेट पाएनौ ? हामीले ३६ सेहरूलाई गलाई सकेका थियौँ । तर, संसद् भवनबाट छिटो आऊ भनेर तारन्तार खबर अयो । मन्त्री नै गयल त हुनु भएन नि भनेर हामी संसद्तिर दौडियौँ ।

————बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरूपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरू खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरूको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरून्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरून्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

## संसद विघटन...

नभन्दै त्यहाँ पुग्दा त, संसद्को ढोका बन्द गर्न लागिसकेका थिए । हामी पस्यौं पनि ढोका लागिहाल्यो ।’

उता वाग्ले निवासमा सभापति भट्टराईको प्रष्ट निर्देशन आई सकेपछि जे भए पनि जानुपर्छ, जाऔँ भनेर आनन्द ढुंगाना र रमेश रिजाललगायतका सांसदहरू साथीहरूलाई सम्झाउन खोज्दै थिए । ‘तिमीहरूले बालुवाटारको पैसा खाएर आएका छौ कि क्या हो ?’ भन्ने आफ्नै साथीहरूको प्रश्न सुनेर हच्किए । ढुंगानाले लेखकलाई सुनाए – ‘साथीहरूको त्यस्तो वचनले हीनताबोध भयो । हामी दुवै आदर्शको राजनीतिमा लागेर जेल बसेका । हामीमात्र जाँदा पनि प्रस्ताव पास हुने अवस्था थिएन । चाहेर पनि जान सकिएन ।’

उता संसद् भवनमा एकोहोरो चुरोट तान्दै बसेका प्रधानमन्त्रीले नीति तथा कार्यक्रम पास नहुने बुझेपछि संसद् सचिवालयका सचिवलाई आफ्नै चेम्बरमा बोलाएर भने – ‘पास भएन भने के हुन्छ, नियम हेर्नुस् त ?’ क्षणभरमै मतदान भयो । ३६ सेको अनुपस्थितिका कारण सरकारको नीति तथा कार्यक्रम पारित हुन सकेन ।

प्रधानमन्त्री कोइरालाका निजी सचिव शर्माले सुनाए – ‘सरकारविरुद्ध अविश्वास प्रस्ताव नआएको अवस्थामा नीति तथा कार्यक्रम पास भएन भने नैतिकताको आधारमा राजीनामा दिने र संसद् विघटन गर्ने मानसिकता गिरिजाबाबुले त्यहीँ बनाउनु भएको हो ।’ त्यो दिन मतदानमा जानुहुन्नु भनेर बढी जोड गर्ने ३६ सेमध्ये एक थिए भट्टराई निकट सांसद कुवेर शर्मा । राजा ज्ञानेन्द्रले शासन सत्ता हातमा लिएपछि उनी शाही सरकारको मन्त्री भए । धेरैपछि मात्र कांग्रेसहरूलाई महसुस भयो पार्टीको नीति आदर्श र सिद्धान्तबाट च्युत भएर उनीहरू त अरुकै एजेन्डामा गइसकेका रहेछन् । यस सन्दर्भमा पूर्वमन्त्री वाग्लेले लेखकलाई भने – ‘हामी भोट हाल्न गएको भए प्रधानमन्त्री कोइरालाको सरकार हटाएर पनि संसद् जोगिन्थ्यो । फेरि कांग्रेसकै सरकार बन्थ्यो । मत हाल्न नजानु हाम्रो गल्ती भयो ।’

धन्यवादको प्रस्ताव असफल भएकै दिन प्रधानमन्त्री कोइरालाले राजीनामा गरी प्रतिनिधिसभा विघटनको सिफारिस गरे । ‘प्रधानमन्त्रीको राजीनामा तत्काल स्वीकृत भयो । विघटनको सिफारिस दरबारले ३८ घन्टा परामर्शका बहानामा रोक्यो ।

राजाले सर्वोच्च अदालतको राय मागे । कांग्रेस विभाजन भएको थिएन । कोइरालाको पक्षमा ७४ र विपक्षमा ३६ सदस्य थिए । प्रतिनिधिसभामा वैकल्पिक सरकार बन्नसक्ने अवस्था नभएकाले २०५१ भदौ १२ मा सर्वोच्च अदालतका बहुमत न्यायाधीशले प्रधानमन्त्रीको सिफारिस सदर गरे । अनि कात्तिक २७ गते नयाँ चुनावको मिति भय भयो । यसरी कांग्रेसको आन्तरिक किचलोबाट ३ वर्ष दुई महिनामै संसद् भंग हुन पुग्यो ।

## नेकपाको ...

अविश्वासको प्रस्ताव र प्रधानमन्त्रीमाथि अविश्वासको प्रस्ताव ल्याउने तयारी भइरहेको बताएका थिए । र, उनले त्यही संसद् विघटन गरेर जानुपर्ने बताएका थिए ।

प्रधानमन्त्रीले धेरै अस्का कुरा नसुनेको स्रोत बताउँछ । त्यसपछि मुख्यसचिवमार्फत प्रधानमन्त्री ओलीले ८:५३ बजे मन्त्रीहरूको मोबाइलमा ९:४५ बजे आकस्मिक मन्त्रिपरिषद् बैठक छ भनेर खबर गरेका थिए ।

मन्त्रिपरिषद् बैठक बस्दै छ भन्ने थाहा पाएपछि पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड बालुवाटार हानिएका थिए । प्रचण्ड स्रोतका अनुसार उनले बाटैबाट ‘मन्त्रिपरिषद् बैठक नबसिहाल्नुस् म छलफलका लागि आउँदै छु’ भनेका थिए ।

तर, ओलीले कुरै सुन्न चाहेनन् । हृदयेश त्रिपाठीलगायत मन्त्री बालुवाटार पुगेकै थिएनन् । मन्त्रिपरिषद् बैठक सुरु भइहालेको स्रोत जानकारी दिन्छ । मन्त्रिपरिषद् बैठकमा धेरै कार्यसूची नभएको एक मन्त्रीले जानकारी दिए । उनका अनुसार प्रधानमन्त्रीले सुरुमै अध्यादेश फिर्ता लिने निर्णय गनुपर्ने बताएका थिए । त्यसपछि नयाँ जनादेशमा जानुपर्ने भयो मुख्यसचिव भाषा मिलाएर लेख्नुस् भन्नेबित्तिकै घनश्याम भुसाल, प्रदीप ज्ञवाली, योगेश भट्टराईले उठेर प्रतिवाद गरेका थिए । ओलीले मन्त्रीहरूको कुरा सुन्न चाहेनन् । उठेर हिँडे । मन्त्रीहरु बिलखबन्दमा परेको मन्त्रिपरिषद्का एक सदस्य बताउँछन् ।

मन्त्रिपरिषद् बैठक सकिँदा प्रचण्ड बालुवाटार पुगेर निवासमा बसिरहेका थिए । त्यहाँ ओलीले ‘मैले त जनतामा जाने निर्णय गरेँ, के गर्नु काम नै गर्न दिनुभएन’ मात्रै भनेको स्रोत बताउँछ । जवाफमा ‘पार्टी र देशलाई दुर्घटनातिर लैजाने काम नगरौं, पार्टी कमिटीमै छलफल गरौं भनेको उनीनिकट स्रोत भन्छ ।

प्रधानमन्त्रीले थप छलफल गर्न आवश्यक ठानेनन् । मन्त्रिपरिषद्को सिफारिस बोकेर शीतलनिवास हानिए । प्रधानमन्त्रीले कदम उठाइसकेपछि प्रचण्डले पनि धेरै बहस गर्न आवश्यक नठानेको प्रचण्ड स्रोत बताउँछ । त्यसपछि प्रचण्ड सीधै खुमलटार पुगे । त्यहाँ झलनाथ खनाल आइसकेका थिए । खनालपछि नेता माधवकुमार नेपाल र प्रवक्ता नारायणकाजी श्रेष्ठ आइपुगे । चारजना नेताको छलफलले ओलीको कदम असंवैधानिक रहेको ठहर गऱ्यो । ओलीविरुद्ध संवैधानिक र राजनीतिक कदम उठाउने निर्णय गरेको खनाल बताउँछ । त्यतिमात्र नभइ खुमलटारको त्यो छलफलले आफूनिकटका सबै मन्त्रीहरूलाई सामूहिक राजीनामा दिन लगाउने निर्णयसमेत गऱ्यो । मन्त्रिपरिषद्को बैठक जम्माजम्मी २५ मिनेट बसेको हुँदो हो । १० बजे सुरु भएको बैठक १०:२५ मा सकियो । मन्त्रिपरिषद् बैठकले संसद् विघटन गर्ने सिफारिस गरेपछि जनार्दन शर्माको नेतृत्वमा ९० जनाको हस्ताक्षर बोकेर नेकपा सांसदहरु संसद् सचिवालय पुगे । प्रचण्डलाई भावी प्रधानमन्त्रीका रुपमा अघि सार्दै बिहान १०:५० बजे अविश्वासको प्रस्ताव दर्ता गरेका थिए । खुमलटारमा प्रचण्डसहितका नेताहरुको छलफल चलिरहँदा नेकपा सांसदहरु पनि सिंहदरबारको अर्थ समितिको हलमा जम्मा भएर आन्तरिक छलफलमा जुटे । उता कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा घनश्याम, योगेशसहितका प्रचण्ड(नेपाल समूहका मन्त्रीहरु भेला भएर सामूहिक राजीनामाबारे परामर्श गरेको स्रोत बताउँछ ।

सिंहदरबारमा सांसद, मन्त्रीहरु सक्रिय भइरहँदा बालुवाटारमा ओली(प्रचण्ड पुनः छलफलमा जुटेका थिए । तर, छलफल गर्नुको अर्थ रहेन, त्यति नै बेला राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ (१) (२) र धारा ८५ को प्रावधान देखाउँदै संसद् विघटनको घोषणा गरिन् ।खुमलटार बैठकको निर्णयअनुसार अपराह्न ४ बजे कृषि तथा पशुपन्छीमन्त्री घनश्याम भुसाल, ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुन, शिक्षा तथा विज्ञान प्रविधिमन्त्री गिरिराजमणि पोखरेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराई, वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेत, श्रम तथा रोजगारमन्त्री रामेश्वर राय यादव, खानेपानी तथा सरसफाइमन्त्री विना मगरले सामूहिक राजीनामाको घोषणा गरे । गृहमन्त्री रामबहादुर थापा बादल र उद्योगमन्त्री लेखराज भट्ट ओलीको पक्षमा उभिए । १ बजे तय भएको स्थायी कमिटी बैठक साँझ ५ बजेसम्म पनि बस्न सकिरहेको थिएन । बरू प्रधानमन्त्रीले ‘म्याराथन’ गतिमा परामर्श तीव्र बनाएका थिए ।

संसद् विघटन भएर वैशाख १७ र २७ लाई मध्यावधि (नयाँ) चुनावको तिथितय भएसँगै उनले निर्वाचन आयोगसँग पनि छलफल गर्न भ्याएका थिए । आयोगका पदाधिकारीहरूले दुई चरणमा निर्वाचन गर्दा मतगणना र चुनावी सुरक्षामा जटिलता उत्पन्न हुने भन्दै एक चरण अर्थात् वैशाख २७ गते एकै मितिमा निर्वाचन गर्न सुझाव दिएको एक अधिकारी बताउँछन् । साँझ ढल्कँदै गएपछि स्थायी कमिटी बैठक सुरु भयो । स्थायी कमिटी बैठकमा ओली पक्षका १२ सदस्य अनुपस्थित रहे । मध्यमार्गी भनिएका रामबहादुर थापा बादल, हरिबोल गजुरेल, टोपबहादुर रायमाझी, मणि थापा, लेखराज भट्ट अनुपस्थित रहे । त्यही बीचमा ओलीले लेखराज भट्टबाहेक मध्यमार्गी नेताहरुसँग पनि परामर्श गरेर आफ्नो पक्षमा उभिन आग्रह गरेको स्रोतको जिकिर छ । आइतबार बसेको स्थायी कमिटी बैठकमा २९ सदस्य उपस्थित रहेको प्रचण्ड-नेपाल समूह बताउँछ । बहुमत स्थायी कमिटी सदस्यहरु बसेर आफूमाथि अनुशासनको कारबाही गरिरहँदा ओली चारवटै सुरक्षा प्रमुखहरुसँग छलफल गरिरहेका थिए । उनले सबै सुरक्षा अङ्गलाई उच्च सतर्कतामा रहन निर्देशन पनि दिएको स्रोत बताउँछ ।


**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर
नि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट्
LAHANPOST DAILY



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमै गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**नरहा गाउँपालिका कार्यालय, सिरहा**


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)